दर्ता प्रमाण-पत्रनं.४०८१,श्रम तथा रोजगार कार्यालय,टेकु, काठमाण्डौ

# महिला लघुवित्त वित्तीय संस्था लि. कर्मचारी युनियन

साँगा, काभ्रेपलाञ्चोक

स्थापना : २०८१

प.न: ०८२/०८३
च.न. ०७/०८२/०८३

मिति:०८२/०५/२९

## प्रेश विज्ञप्ति :

महिला लघुवित्त वित्तीय संस्था लिमिटेड अर्न्तगत प्रतिष्ठानस्तरको कर्मचारी ट्रेड युनियन नेपालको मिति २०८२ भाद्र-२५,च.न.-०५ प्रकासित पत्र अनुसार तलवभत्ता वृद्धि ,तथा कर्मचारी विनियमावलीको हुवहु कार्यान्वयन नगरेको र अन्य सुविधाहरु समेत हेरफेर गर्नुपर्ने भनि २४ घण्टे अल्टिमेटम् स्वरुप संस्थाको व्यवस्थापन समिति ,संञ्चालन समिति ,नेपाल राष्ट्रबैंक र श्रम विभागलाई बोद्धार्थ दिदै ,पत्र पठाएको भएपनि ,व्यवस्थापन पक्षबाट कुनै सुनुवाई नभएको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। व्यवस्थापन पक्षको यस ढिलासुस्ती र उदासीनताले कर्मचारीहरुको मनोवलमा आघात पुगेको छ ।यसै सन्दर्भमा कर्मचारीहरुको साँझा संगठन युनियनले बाध्यतावस कडा आन्दोलन गर्नुपर्ने बेला आएको छ । हामी व्यवस्थापनलाई स्मरण गराउँन चाहान्छौ कि कर्मचारीको तलव-भत्ता वृद्धि, सेवा सुविधा र श्रम अधिकार सुनिस्चित गर्नु नै संस्थाको दिगो विकासको आधार हो । कर्मचारीहरुको जीवनस्तर सुधार नगरी संस्थाको प्रगति सम्भव छैन भन्नेमा हाम्रो दृढ विस्वास छ । अत:भाद्र मसान्त अघि व्यवस्थापनले कर्मचारीका मागप्रति सकरात्मक हुने कुनै छन्क नदेखाएको कारण असोज -०१ गते देखि अनिश्चितकालीन देशभरीका शाखाहरुको कारोबार ठप्प केन्दिय कार्यलय घेराउ धर्ना बस्ने कार्यक्रमलाई सफल बनाउँन,सम्पुर्ण आम फिल्ड कर्मचारी साथीहरुलाई सकृय सहभागिता जनाउन हुन हार्दिक आह्वान गर्दछौ । तपसिलका माग पुरा नहुन्जेल सबै शाखा कार्यलय बन्द रहने जानकारी गराउँदछौं ।

**मागहरु :**

१) बिगत ०४ बर्ष देखि कर्मचारीहरुको तलब बृद्धि नभएकाले यथाशीघ्र ५० प्रतिशत तलव बृद्धिको कार्यन्वयन गर्नुपर्ने ।

२) कर्मचारीको सरुवा नीति बामोजिम कर्मचारी सरुवा नभएको र केहि कर्मचारीलाई बर्षौ सम्म एउटै प्रदेशमा निरन्तरता दिएकोले सरुवा नीति बमोजिम हुवहु कार्यान्वयन गर्नु पर्न ।

३) फिल्ड कार्यलयको खोल्ने र बन्द गर्ने समयलाई यथाशीघ्र समय परिवर्तन गरि शाखा प्रदेश कार्यालय न्युनतम ९:०० देखि ५:०० सम्म मात्र संञ्चालन हुने व्यवस्था मिलाउनु पर्ने ।

४) फिल्ड कर्मचारीहरुको आवश्यकता र बजारको महगीलाई मध्यनजर गरि, मासिक रुपमा लाग्ने इन्धन सुविधामा हेरफेर गरि मासिक कि.मि.को आधारमा लकरबुकको व्यवस्था तल्काल मिलाउनु पर्ने

५) कर्मचारीहरुलाई प्रदान गरिने दशै भत्ता विनियमावलि२०७७ अनुसार प्रदान गर्नु पर्ने यथासीघ्र २०७७ साल देखि बाकी रहेको भत्ता मिति २०८२/०६/०१ भित्र कर्मचारी को खातामा जम्मा गर्नु पर्ने र पोसाक भत्ता बृद्धि गरि रु.१० हजार पुगाउनु पर्ने ।

६) संस्थाले कर्मचारी सापटी सुविधा विनीयमावलिमा मात्रै सिमित गरेकोले यस आ.व. देखि लागु हुने गरि कर्मचारीलाई आवश्यकता र क्षमताको आधारका कर्जा सापटी ब्यवस्था मिलाउनु पर्ने ।

७) कर्मचारीलाई भैपरी रुपमा आइपर्ने समस्यको आर्थिक रुपमा सहजिकरण गर्न कर्मचारीलाइ आवश्यक परेमा कम्तिमा तीन महिना बरावरको कर्मचारी अग्रिम भुक्तानी Staff Advance ब्यवस्था मिलाउनु पर्ने उक्त रकम भुक्तानी प्रकृया ६ महिनाको अवधी भर ऐच्छिक रुपमा तिर्न मिल्ने ब्यवस्था मिलाउनु पर्ने ।

८) फिल्ड कार्यालयमा काम गर्ने कर्मचारीहरुलाइ सरुवा गर्दा प्रदेश छनोटको नीति ल्याउनु पर्ने ।

# महिला लघुवित्त वित्तीय संस्था लि. कर्मचारी युनियन

## साँगा, काभ्रेपलान्चोक

स्थापना : २०८१

९) फिल्ड कर्मचारीहरुलाई हाल सम्म कुनै किसमको क्षमता अविभृद्वि तालिमको व्यवस्था नगरेकाले सिकाई उपलब्धि कमजोर भएको कारण कार्यक्रकमको गुणस्तरमा समेत असर परेकोले अव उप्रान्त बर्षमा १ पटक क्षमता अविबृद्धि तालिमको यथाशीघ्र व्यवस्था गर्नेबारे परिपत्र गर्नुपर्ने ।

१०) संस्थामा सुसाशन कायम गर्न उचित दण्ड र पुरस्कारको व्यवस्था हुनुपर्ने र योग्य र क्षमतावान ब्यक्ति व्यवस्थापन विभागमा नियुक्त गर्नुपर्ने ।

११) सस्थाको संचालक समितिको २०८०/०९/१५ मा बसेको ६६औं बैठकबाट नायब कार्यकारी प्रमुख पदमा श्री दिवस राज ओलीलाई ४ बर्षको लागि करारमा नियुक्त गरेकोमा संस्थामा २०७९/०५/०१ गते देखि लागुभएको कर्मचारीहरुको तलब भत्ता अनुसार नायब कार्यकारी प्रमुख को मासिक तलब भत्ता रु ९४४९०। उल्लेख भएकोमा सो भन्दा बढि हुने गरी मासिक रुपमा तलब भत्ता वापत रु १३३०००। प्रदान गरेकोमा बाकी रकम फिर्ता गर्न ब्यवस्था मिलाउनु पर्ने ।

१२) कर्मचारीको विमा हाल सम्म पनि नगरेको पाइएकाले यथाशीघ्र २०८२ साउन देखि लागुहुने गरि कर्मचारीहरुको बिमाको सुबिधा कार्यान्वयनमा ल्याउनु पर्ने र बिमा सम्बन्धि सबैलाई बुझ्ने गरि स्पष्ट निति ल्याउनु पर्ने ।

१३) मोटरसाइकलमा कर्जा मा पुरा रकम बराबर कर्जा उपलब्ध गराउनु पर्ने ।

१४) मेडिकल खर्च रु २४००० हजार बार्षिक उपलब्ध हुने व्यवस्था मिति :२०८२/०६/०१ गते भित्र कर्मचारी को खातामा जंम्मा गर्नु पर्ने ।

१५) वार्षिक कर्मचारी सुविधा मा पर्ने छाता झोला रु ३५०० बनाउनु पर्ने, वार्षिक Allowence प्रति कर्मचारी अनुसार रु १००० बनाउनु पर्ने ।

१६) कार्यलय सहयोगी को तलब भत्ता १९०००। बामउनु पर्ने ।

१७) कोठा भाडा रु ६००० बनाउनु पर्ने, मोबाइल रिचार्ज खर्च बाफत रु १२०० बनाउनु पर्ने, पेट्रोल खर्च रु ७००० बनाउनु पर्ने, स्थानिय भत्ता रु ६००० बनाउनु पर्ने ।

१८) कर्मचारी कर्जा प्रवाह गर्ने नीतिले रु १५०००००(पन्ध्र लाख) सम्मको ऋण तथा शीघ्र लागु गनुपर्ने ।

***बोधार्थ***

श्री.नेपाल राष्ट्र बैंक — जानकारीका लागि अनुरोध छ ।

श्री.श्रम तथा रोजगार कार्यालय टेकु ,काठमाण्डौ । — जानकारीका लागि अनुरोध छ ।

महिला लघुवित्त वित्तीय संस्था लि । — जानकारी तथा आवश्यक कार्यान्वयनको लागि अनुरोध छ

सबै प्रदेश कार्यालय प्रमुख ज्यु हरु — जानकारी को लागी अनुरोध छ

सबै शाखा कार्यालयहरु — जानकारी को लागी अनुरोध छ

**नोट :** आन्दोलनको अवज्ञा गरेमा व्यवस्थापन र संञ्चालक समितिको घर घेराउ गर्न बाध्यहुने पनि सुचित गराउँदछौ । उक्त जायज हक र अधिकार सुनिस्चित गर्न हाम्रो आन्दोलनमा ,पत्रकार ,सुरक्षाकर्मी ,**Gen-Z** का साथीहरु लगायत सबै सरोकारवालाहरुको एक्यवद्धता र सर्मथनको अपेक्षा गर्दछौ ।

महासचिव